**नेपाली / *NEPALI***

**लागि:** सबै संकाय र कर्मचारी

**बाट:** कुलपति Jennifer L. Mnookin

**विषय:** सेमेस्टरको अन्त्यमा संघीय अपडेटहरू

**मिति:** अप्रिल २२, २०२५

**वेबसाईट:** https://news.wisc.edu/chancellor-mnookin-end-of-semester-federal-updates/

आदरणीय सहकर्मीहरू,

धेरै तरिकाले, यो सेमेस्टर कुनै सामान्य वसन्त सेमेस्टर जस्तै महसुस हुन्छ। तापक्रम न्यानो हुँदैछ, स्नातकहरू *Bascom Hill* र क्याम्पसभरि फोटो खिचिरहेका छन् र *Terrace* का कुर्सीहरूको बाहिर निकाल्ने अवसरमा शुक्रबार *Memorial Union* मा एउटा ठूलो उत्सव मनाइएको थियो।

भर्ना भएका नयाँ विद्यार्थीहरूले मे १ मा अर्को चार वर्ष कहाँ बिताउने भनेर निर्णय गर्ने समयसीमा अगाडि नै क्याम्पस घुम्दै छन्, हालका विद्यार्थीहरू र संकायहरू सेमेस्टरको अन्त्य तिर पुग्दै छन् र हामी हाम्रो व्यस्त क्याम्पसमा हुने अन्य धेरै कार्यक्रमहरू सहित *Workday* भनेर चिनिने नयाँ प्रशासनिक प्रक्रिया प्रणालीमा सर्न तयारी गरिरहेका छौं।

तर, तपाईंहरू सबैलाई थाहा छ, यो वसन्त सेमेस्टरमा हामीलाई चुनौती र अनिश्चितताहरूको एक महत्त्वपूर्ण र अभूतपूर्व खण्ड पार गर्न पनि आवश्यक परेको छ।

दशकौँ देखि विश्वविद्यालयहरूलाई आर्थिक रूपमा सहयोग गर्दै आएका एजेन्सीहरूले प्राथमिकताहरू बदल्दै छन्, अनुदान समाप्त गर्ने, लामो समयदेखिका स्रोतसाधनहरू र पूर्वाधारहरू हटाउने र नयाँ पुरस्कारहरूको समीक्षामा ढिलाइ गर्ने गरिरहेका छन्, जसले गर्दा हामीले संघीय स्तरमा प्रस्तावित बदलहरूको एक विशाल पाटो अनुभव गरेका छौं। यी संघीय कदमहरू आर्थिक जोखिमभन्दा गहिरो हाम्रो उद्देश्यको मुटुसम्म पुगेका छन्, जसमा हाम्रा मूख्य मान्यताहरू र हाम्रो क्याम्पसमा को समावेश हुन सक्ने भन्ने कुरामाथि पनि प्रश्न उठाएको छ।

हामी सधैं मूल सिद्धान्तहरूमा आधारित र ती सिद्धान्तहरूबाट निर्देशित रहनेछौं। साथै, हामीले यो बुझेका छौं कि घटनाहरू गति र तीव्रताका साथ अगाडि बढ्दै जाँदा, हामीले अहिलेको समयमा गर्दै आएको 'सामान्य रूपमा व्यवसाय' गर्न सधैँ सम्भव

नहुन सक्छ। म हालसालैका संघीय विकासहरू र *Bascom Hall* र हाम्रो क्याम्पसका नेतृत्व समावेश गर्ने, देखिने वा कम देखिने, हामीले प्रतिक्रिया दिइरहेका विभिन्न तरिकाहरूको बारेमा केही अपडेटहरू प्रदान गर्न लेख्दै छु।

त्यसो गर्नु अघि, म अलिकति समय लिन चाहन्छु र हाम्रा सबै संकाय र कर्मचारीहरूप्रति गहिरो आभार व्यक्त गर्न चाहन्छु, जो अनिश्चितता भएतापनि शिक्षा, अनुसन्धान र जनसेवाको हाम्रो उद्देश्यप्रति धेरै ध्यान केन्द्रित गर्न ठूलो समर्पणका साथ काम गरिरहनु भएको छ।

**अन्तर्राष्ट्रिय विद्यार्थीहरू, विद्वानहरू र संकायहरू**

हालसालैका हप्ताहरूमा, संघीय सरकारले दुई दर्जन भन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरू र हालसालैका पूर्व विद्यार्थीहरूको विद्यार्थी र आगन्तुक सूचना प्रणाली (*SEVIS*) रेकर्डहरू समाप्त गरेको छ। यस्तो कार्य वहाँहरूको अध्ययन, रोजगारीका अपेक्षाहरू वा हाम्रो समुदायमा वहाँहरूले बनाउनुभएको जीवनको वास्ता नगरी भइरहेको छ।

यो बुझ्न सकिन्छ कि यसले गर्दा हाम्रो क्याम्पसमा रहेको अन्तर्राष्ट्रिय समुदायमा ठूलो चिन्ता र नेतृत्व सहित व्यापक क्याम्पस समूहहरूमा गहिरो चिन्ताको भावना खडा गरिरहेको छ।

यी मध्ये केही अवस्थामा, हामीलाई बर्खास्त गर्नुको कारण थाहा छैन; अरूमा, सो व्यक्तिले कानून उल्लङ्घन गरेको हुन सक्छ, तर यी मध्ये धेरै अत्यन्तै सानातिना उल्लङ्घन छन्, जस्तै ट्राफिकमा पाएको टिकट। यी मामिलाहरूमा सरकारसँग व्यापक अधिकार छ, तर यी मध्ये धेरैजसो अवस्थामा, हामीले स्पष्ट व्याख्या वा तर्क पाएका छैनौं।

बर्खास्तको अनुभव गरेकाहरूलाई सहयोग प्रदान गर्न हामी काम गरिरहेका छौं। हाम्रो अन्तर्राष्ट्रिय विभाग अन्तर्राष्ट्रिय विद्यार्थीहरू, संकाय र आगन्तुक विद्वानहरूसँग नियमित सम्पर्कमा रहेको छ र स्रोतसाधन र सल्लाह प्रदान गर्दै आएको छ। यदि विद्यार्थीहरूले चाहन्छन् भने हामी उनीहरूलाई कानूनी स्रोतसाधनसँग जोड्न सहयोग गर्न सक्छौं तर व्यक्तिगत मामिलामा प्रत्यक्ष कानूनी सहायता प्रदान गर्ने कानूनी सीमाहरू विश्वविद्यालयमा छन्।

हामी सभाका प्रतिनिधिमण्डल, साझेदार संस्थाहरू र राष्ट्रिय संघहरूसँग पनि वकालत रणनीतिहरूमा काम गरिरहेका छौं। देशभरि, धेरै प्रभावित विद्यार्थीहरूले कानूनी कारबाही भोगेका छन्, जसमा एक *UW–Madison* विद्यार्थी पनि समावेश छन्, जसले एक निजी वकिलसँग काम गर्दै कारबाही विरुद्ध अस्थायी प्रतिबन्ध आदेश पाएका थिए।

अन्तर्राष्ट्रिय विद्यार्थीहरू र पूर्व छात्रहरू *UW–Madison* का एक महत्त्वपूर्ण हिस्सा हुन्। वहाँहरूले यस विश्वविद्यालयको हरेक कुनामा र त्यसभन्दा बाहिर योगदान पुऱ्याउनु भएको छ। वहाँहरूले हाम्रो समुदायलाई विशेष तरिकाले समृद्ध बनाउनुहुन्छ र यी हालसालैका रेकर्ड समाप्तिहरू एकदमै चिन्ताजनक छन्। मैले यस मुद्दाको बारेमा विस्कन्सिन राज्य जर्नलमा गएको हप्ता लेखेको एउटा लेखमा केही थप विचारहरू साझा गरेको छु।

### *UW–Madison* को अनुसन्धान र शिक्षा जोगाउने

संघीय स्तरमा प्रस्तावित कटौतीले अनुसन्धान र शिक्षामा विनाशकारी प्रभाव पार्न सक्छ। अहिले, विश्वविद्यालयले एजेन्सीहरूसँग कोष निर्णयहरू विरुद्ध अपील गरिरहेको छ र गलत कटौती, अनुदान समाप्ति र ढिलाइ रोक्न कानूनी चुनौतीहरूमा पनि भाग लिइरहेको छ।

आजसम्म, कानूनी मामिलाको कार्यालयले, क्याम्पसमा धेरै अन्यह समूहरूसँग काम गर्दै, राज्यका महान्यायाधिवक्ताहरू वा उच्च शिक्षाका साझेदारहरूद्वारा ल्याइएको सात मुद्दाहरूमा नौ घोषणापत्र जारी गरेको छ, जसले यी प्रत्येक कार्यको हानिको बारेमा विस्तृत तथ्यात्मक प्रमाण प्रस्तुत गर्दछ।

अहिलेसम्मका धेरैजसो अवस्थामा, यी कार्यहरूले अस्थायी रूपमा प्रतिबन्धात्मक आदेश वा निषेधाज्ञाहरू दिएका छन् जसले संघीय सरकारलाई थप कानूनी निर्णय नभएसम्म यी निर्देशनहरू कार्यान्वयन गर्नबाट रोक लगाएको छ।

राष्ट्रिय स्वास्थ्य संस्थानको अप्रत्यक्ष दरहरूमा प्रस्तावित सीमासँग सम्बन्धित मुद्दामा हालैको एउटा अद्यावधिक: अप्रिल ४ तारिखमा स्थायी निषेधाज्ञा दिइएको थियो र आगामी महिनाहरूमा पुनरावेदनमा मुद्दाको सुनुवाइ नभएसम्म यो लागू रहनेछ।

हालसालै, विश्वविद्यालयले सूचना पायो कि ऊर्जा विभागले हाम्रो परिसर र प्रशासनिक खर्च हाम्रो सामान्य वार्ता दर ५५.५% बाट १५% मा घटाउन आवश्यक गराएको छ वा पहिले आर्थिक लगानी गरिएको अनुसन्धान परियोजनाहरू समाप्त गर्नुपर्नेछ जसमा क्यान्सरको निदान र उपचार गर्ने उद्देश्य पनि समावेश छ। बुधबार, अप्रिल १६ तारिखमा एक संघीय न्यायाधीशले अस्थायी प्रतिबन्ध आदेश जारी गरे जसले अनिश्चित समयका लागि सूचना लागू हुनबाट रोक्छ।

हामीले धेरै थप प्रभावहरू देखिरहेका छौं जुन कम हानिकारक छैनन्। ती मध्ये एजेन्सी कर्मचारीहरूका कटौती, समीक्षा प्यानलहरूमा ढिलाइ, सल्लाहकार बोर्ड सदस्यहरूको बर्खास्ती र अन्य मन्दीहरू समावेश छन्। उदाहरणका लागि, शुक्रबार,

हामीले *NSF* प्राथमिकताहरूमा अपडेटहरूका बारेमा सिक्यौं, जसले विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (*STEM*) का साथै विविधता र गलत जानकारीको अनुसन्धानमा भाग लिन कम प्रतिनिधित्व भएका समूहहरूलाई प्रोत्साहित गर्ने कामबाट टाढा सरेको छ।

उच्च स्तरमा, कटौती र सम्बन्धित कार्यहरूले अन्ततः विस्कन्सिनको नवप्रवर्तन अर्थतन्त्रलाई कति क्षति पुर्‍याउनेछ भनेर कल्पना गर्न गाह्रो छैन। तिनीहरूले वैज्ञानिक र आविष्कारकहरूको अर्को पुस्तालाई अनिवार्य रूपमा असर गर्नेछन्। तिनीहरूले हाम्रो राष्ट्रिय सुरक्षा र विश्वव्यापी स्तरमा महत्त्वपूर्ण नयाँ प्रविधिहरू विकास गर्न प्रतिस्पर्धी हुने हाम्रो क्षमतालाई पनि हानि पुर्‍याउनेछन्।

**भन्सार महसुलहरूको असर**

दुई हप्ता अघि घोषणा गरिएको र त्यसपछि आंशिक रूपमा स्थगित गरिएको भन्सार महसुलहरूको बारेमा अझै पनि धेरै अनिश्चितता छ। तर गलत नसोच्नुहोस्, भन्सार महसुलहरूले हाम्रो आर्थिक दबाबमा उल्लेखनीय रूपमा बोझ थप्नेछ। हामी अपेक्षा गर्छौं कि भन्सार महसुलहरूले गर्दा मुद्रास्फीति हुनेछ जसले अनुसन्धानको लागि उच्च प्रविधि उपकरणहरू खरिद गर्ने लगायत धेरै क्षेत्रहरूमा हाम्रो खर्च बढाउनेछ।

**हाम्रो जारी प्रतिक्रिया**

हामीले साझा गरेझैं, हामीसँग यहाँ र डी.सी. मा विज्ञहरूको टोली छन् जसले यो धेरै छिटो परिवर्तनशील परिदृश्यलाई निरन्तरता दिन र हाम्रो सभाका प्रतिनिधिमण्डल, साथै *AAU* र *APLU* जस्ता व्यावसायिक संस्थाहरू सहित प्रमुख क्याम्पस सरोकारवालाहरूसँग संलग्न छौं भनी सुनिश्चित गर्न सान्दर्भिक बदलहरू ट्र्याक गर्ने र मूल्याङ्कन गर्ने काम गर्दछ। हाम्रो संघीय सम्बन्ध वेबसाईट *UW–Madison* लाई असर गर्ने संघीय कार्यहरूको जानकारीको लागि केन्द्रीय स्रोत हो।

यी चुनौतीहरूले हाम्रो समुदायमा सिर्जना गरेको तनाव र माग दुवैलाई म स्वीकार गर्छु। अन्तर्राष्ट्रिय विभाजनका कर्मचारी र नेतृत्वले, विद्यार्थी मामिलाहरूसँगै हाम्रो अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूप्रति देखाएको गहिरो प्रतिबद्धता र गएका केही हप्ताहरूमा वहाँहरूले प्रदान गर्नुभएको थप सहयोग प्रति म र धेरै अन्य सम्बन्धित संकाय र कर्मचारीहरूसँग आभारी छौं। हाम्रो कानूनी मामिला कार्यालयले विभिन्न कार्यकारी आदेश र एजेन्सी कार्यहरूलाई चुनौती दिने मुद्दा र प्रशासनिक अपीलहरूलाई समर्थन गर्न अथक प्रयास गरिरहेको छ। हाम्रो अनुसन्धानका उपकुलपतिको कार्यालय र यस भित्र, अनुसन्धान र प्रायोजित

कार्यक्रमहरूले वास्तविक समयमा परिवर्तनहरू ट्र्याक गर्दै स्कूल, कलेज र अनुसन्धानकर्ताहरूसँग सञ्चार गरिरहेको छ। हाम्रो वरिष्ठ प्रशासनिक टोली, हाम्रा डीनहरू र स्कूल तथा कलेजका अगुवाहरूले पनि विभिन्न परिदृश्यहरूको लागि आकस्मिक योजना बनाउन कडा परिश्रम गरिरहेका छन्। म यो पनि जान्दछु र प्रशंसा गर्दछु कि तपाईंहरूमध्ये धेरैले अहिलेको क्षणलाई बुझ्न र झेल्न दुवैमा महत्त्वपूर्ण प्रयास गर्नुभएको छ।

हामी विस्कन्सिन फाउन्डेसन र पूर्व छात्र संघ (*WFAA*) का हाम्रा सहकर्मीहरूसँग पनि काम गरिरहेका छौं, जसले यस महिनाको *UW Now* कार्यक्रम अनुसन्धान कोष कटौती र के जोखिममा छ भन्ने मुद्दामा समर्पित गरेको छ। *WFAA* ले आफ्नो आवाज सुन्न इच्छुक जो कोहीलाई पनि यसको वकालत वेबसाईट भ्रमण गर्न र निर्वाचित अधिकारीहरूसँग प्रत्यक्ष सम्पर्क गर्न प्रोत्साहित गर्दछ।

सेमेस्टरको अन्त्य नजिकिँदै गर्दा, म विस्कन्सिन विचारलाई जीवित राख्न हजारौं नयाँ स्नातकहरूलाई संसारमा पठाउँदा आउने आनन्द र आशावादको भावना गुमाउन चाहँदिन। *Abe* को मूर्तिसँग फोटो खिच्न *Bascom Hill* चढ्ने नयाँ र चाँडै हुने स्नातकहरूको लाइन देख्दा, यो देशलाई महान बनाउने कुरामा उच्च शिक्षाको ठूलो हिस्सा रहेको कुरा स्वीकार गर्ने क्षण पनि हो — र दोस्रो विश्वयुद्ध पछिको संघीय सरकार र विश्वविद्यालयहरू बीचको अनुसन्धान सम्झौताले हामीलाई विश्वको ईर्ष्याको पात्र बनाएको छ।

*UW–Madison* एउटा यस्तो ठाउँ हो जहाँ अनुसन्धान, आविष्कार, सिर्जना, शिक्षा, सिक्ने, छान्ने र निफन्ने, ज्ञान बाँड्ने र सबैभन्दा महत्त्वपूर्ण, हाम्रा विद्यार्थीहरूलाई हिजो भन्दा भोलि राम्रो हुने अवसर प्रदान गर्ने काम भइरहेको छ। यी चुनौतीका बीचमा पनि, त्यो काम हरेक दिन जारी रहन्छ, त्यसैले तपाईंहरू प्रत्येकलाई धन्यवाद।

*On, Wisconsin –*

Jennifer L. Mnookin

कुलपति